स्थानीय सरकार

# ईन्द्रावती गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

नवलपुर, सिन्धुपाल्चोक

बागमती प्रदेश, नेपाल

☏ ९८५१२१००१३

आय ठेक्का नं. :- **IRMSI/R/081/082-18**

आय ठेक्का शिर्षक :- **ईन्द्रावती गाउँपालिकाको क्षेत्राधिकार भित्र पर्ने ईन्द्रावती नदी क्षेत्र (IEE मा उल्लेखित क्षेत्रहरुबाट नदीजन्य पदार्थहरुको संकलन तथा विक्री शुल्क)।**

## बोलपत्र फाराम.

श्रीमान् प्रमुख प्रशासकीय अधिकृतज्यू, मिति : ........................

ईन्द्रावती गाउँ कार्यपालिकाको कार्यालय

नवलपुर, सिन्धुपाल्चोक ।

विषय : बोलपत्र पेश गरेको बारे ।

तहाँ कार्यालयको मिति ..................................को शिलबन्दी बोलपत्र आव्हान सम्बन्धी सूचना अनुसार म्यादभित्र तोकिए बमोजिमको फाराममा बोल अङ्क खुलाई देहायको कामको शिलबन्दी बोलपत्र पेश गरेको छु । बोल अङ्कको ५% धरौटी बापत हुन आउने रकम रु ................................को नगद ईन्द्रावती गाउँ कार्यपालिकाको कार्यालयको नेपाल इन्भेष्टमेन्ट मेगा बैंक लिमिटेड, ईन्द्रावती शाखा, नवलपुर स्थित धरौटी खाता नं. **१७३०१४००००००५५** मा जम्मा गरेको सक्कल भौचर वा ...............................................................................बैंक लिले मिति .........................................मा जारी गरेको मिति ..........................................सम्म म्याद भएको बीड बण्ड (काम सम्पन्न भएपछि वा ठेक्का अस्वीकृत भएपछि फिर्ता पाउने गरी) यसैसाथ संलग्न राखी तपशिल बमोजिमको ठेक्का सम्बन्धी कागजातहरु संलग्न गरी पेश गरेको छु ।

संलग्न कागजातहरु :-

१.........................................................

२.........................................................

३.........................................................

४.........................................................

५.........................................................

स्थानीय सरकार

# ईन्द्रावती गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

नवलपुर, सिन्धुपाल्चोक

बागमती प्रदेश, नेपाल

☎ ९८५१२१००१३

## ठेक्का विवरण

---

ईन्द्रावती गाउँपालिकाको क्षेत्राधिकार भित्र पर्ने ईन्द्रावती नदी क्षेत्रमा आ.व. ०८१/०८२ को लागि यो ठेक्का वन्दोवस्ती मार्फत निर्धारण गरिएको संकलन तथा बिक्री परिमाण :-१,२१,७९,०५८।८९/- घनफिट सूचना बमोजिम न्यूनतम अङ्क (मू.अ.कर बाहेक) **रु. ८५२५३४१२.२८/-**

| ठेक्का नं. | कबोल गरेको संकलन तथा बिक्री रकमबापतको कुल रकम (मू.अ.कर बाहेक) | | ५% धरौटी रकम |
|---|---|---|---|
| | अङ्कमा | अक्षरमा | |
| IRMSI/R/081/082-18 | | | |

माथि उल्लेखित ठेक्काको कबोल अंङ्मा मूल्य अभिवृद्धि (१३ प्रतिशत) कर समेत थप गरी कार्यालयमा बुझाउनेछु ।

निवेदक

नाम,थरः-

दस्तखत :-

फर्म वा कम्पनीको नाम :-

ठेगाना :-

सम्पर्क नं:-

छाप :-

स्थानीय सरकार

# ईन्द्रावती गाउँपालिका

## गाउँ कार्यपालिकाको कार्यालय

नवलपुर, सिन्धुपाल्चोक

बागमती प्रदेश, नेपाल

☎ ९८५१२१००१३

## आन्तरिक आय तर्फको बोलपत्र आव्हान सम्बन्धी सूचना

नवौं पटक सूचना प्रकाशित मिति : २०८१/०७/२९

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ११ उपदफा (२) को खण्ड घ को उपखण्ड (६) मा भएको व्यवस्था, ईन्द्रावती गाउँपालिकाको आन्तरिक आय संकलन (ठेक्का बन्दोबस्त) सम्बन्धी कार्यविधि, २०७५, दुङ्गा,गिटी,बालुवा, उत्खनन तथा विक्री तथा व्यवस्थापन सम्बन्धी ( पहिलो शंसोधन मापदण्ड २०७९),स्वीकृत प्रारम्भिक वातावरणीय परीक्षण (IEE) प्रतिवेदन, बागमती प्रदेश सरकारको प्रदेश आर्थिक ऐन, २०८१ को दफा ९(१) र ९(५) र सो सँग सम्बन्धित अनुसूची - ५, बागमती प्रदेश सरकारको नदीजन्य पदार्थ (संकलन र उपयोग) सम्बन्धमा व्यवस्था गर्न बनेको कार्यविधिमा भएको व्यवस्था, राजश्व परामर्श समितिको सिफारिस र यस गाउँ कार्यपालिका बैठकको मिति २०८१।०७।१२ गतेको निर्णयानुसार देहायको शीर्षकहरुमा आ.व. २०८१।०८२ को लागी ठेक्काद्वारा राजस्व असुली सम्बन्धी सूचना प्रकाशित गरिएको छ। सूचना प्रकाशित भएको मितिले तोकिएको म्यादभित्र कानूनी प्रक्रिया पूरा गरेका योग्य फर्महरुले बोलपत्र खरिद गरी देहायको मिति र समय भित्र E-bidding मार्फत यस कार्यलयमा पेश गर्नुहुन अनुरोध छ। अन्य थप जानकारीका लागि कार्यालय समय भित्र सम्पर्क राख्न सकिनेछ।

### आन्तरिक आय ठेक्का विवरण

| आय ठेक्का नं. | ठेक्काको विवरण | आ.व. ०८१/०८२ को लागि ठेक्का वन्दोवस्ती मार्फत निर्धारण गरिएको संकलन तथा विक्री परिमाण (घनफिटमा ) | आ.व. २०८१/०८२ को लागि निर्धारण गरिएको ढुंगा, गिटी, बालुवा, ग्राभेल रोडा र दहत्तर बहत्तरको संकलन एवं विक्री दर (प्रति घन फिट) रु. | कूल न्यूनतम अंङ्क रु. (मू.अ.कर बाहेक) | बोलपत्र दस्तुर रु. | धरौटी |
|---|---|---|---|---|---|---|
| IRMSI/R/081/082-18 | ईन्द्रावती नदी तर्फ ईन्द्रावती गाउँपालिका क्षेत्रको कोइरालटार, आँपटार, भीमटार, न्यौपानेटार, धुसेनी, होस्टेदोभान , सिस्नेखोलादोभान ,माझीटार, ढोटार, ओडारे बगरहरुको IEE प्रतिवेदनले निर्धारण गरेको क्षेत्रमा स्वीकृत परिमाणको ढुंगा, गिटी, बालुवा, ग्राभेल,रोडा र दहत्तर बहत्तरको संकलन एवं विक्री ( स्वीकृत खानी क्षेत्र बाहेक)। | १,२१,७९,०५८.८९ | ७/- | रु ८,५२,५३,४१२.२८ | रु ५,०००/- | कुल कबोल अङ्कको ५% ले हुन आउने रकम वा कम्तिमा १२० दिन म्याद भएको बैंक जमानत |

**ठेक्का सम्बन्धी शर्तहरु** :-

१. माथि उल्लेखित ठेक्काको बोलपत्र भर्दा कूल कबोल रकम अंङ्क र अक्षर दुवैमा खुलाउनु पर्नेछ। अंक र अक्षरमा स्पष्ट रुपमा नलेखिएमा उक्त बोलपत्र स्वतः रद्ध हुनेछ। उल्लेखित आय ठेक्कामा जुन कबोलकर्ताको अङ्क बढी हुन्छ सो कबोलकर्ताको बोलपत्र स्वीकृत गरिनेछ।

२. ठेक्का अवधी मिति २०८१/०६/०१ देखि २०८२ साल आषाढ मसान्त सम्म कायम रहनेछ। ठेक्का सम्झौता उल्लेखित परिमाणगत आधारमा हुनेछ। ठेक्का सकार गर्ने पक्षले कबोल गरेको कुल कबोल अंङ्कमा मिति २०८१ असोज १ गतेदेखि ठेक्का सम्झौताको समयसम्म कार्यालयबाट अमानतमा संकलन भएको रकम बराबरको परिमाण कुल सम्झौता हुने सम्झौता परिमाणबाट घटाई बाँकी हुन आउने परिमाणको आधारमा हुने रकमलाई किस्ताबन्दिमा संकलन गरिनेछ। ठेक्का अवधीमा दुङ्गा,गिटी,बालुवा, उत्खनन तथा विक्री तथा व्यवस्थापन सम्बन्धी ( पहिलो शंसोधन मापदण्ड २०७९) को दफा ४ को उपदफा १६ बमोजिम आषाढ महिनामा नदीबाट नदीजन्य पदार्थ उत्खनन तथा संकलन गर्न पाइने छैन। ठेक्का सम्झौता भए पश्चात कुनै पनि किसिमको बन्द, हड्ताल, बाढी, पहिरो लगायतका कारण देखाई ठेक्का लिने पक्षले कुनै पनि किसिमको क्षति पूर्ति दावी गर्न तथा एंव छुट माग गर्न पाईने छैन। साथै सम्झौता परिमाण भन्दा वढी तथा निषेध गरेको अवधि एवं सम्झौतामा उल्लेख भएको नदी क्षेत्रबाट बाहेक अन्य स्थानबाट सामाग्री उत्खनन् गर्न पाइने छैन।

३. ठेक्काको कबोल अंङ्कमा थप मूल्य अभिवृद्धि कर (१३ प्रतिशत) थप गरी ठेक्का लिने फर्मले यस कार्यालयमा बुझाउनु पर्नेछ।

४. धरौटी बापत कबोल गरेको अङ्कको ५ प्रतिशत रकम यस कार्यालयको **नेपाल इन्भेष्टमेन्ट मेगा बैंक लि., ईन्द्रावती शाखा, नवलपुर स्थित धरौटी खाता नं. १७३०१४००००००५५** मा नगद दाखिला गरेको सक्कल भौचर वा बोलपत्र दाखिला गर्ने अन्तिम मितिबाट १२० दिन सम्म म्याद भएको बैंक जमानत (बिड बण्डको सक्कल प्रति) बोलपत्र साथ संलग्न गरी पेश गर्नुपर्नेछ। धरौटी बापत जम्मा गरेको रकमलाई किस्तामा समावेश गरिनेछैन। बैंक जमानत तथा नगद धरौटी नियमानुसार कागजात पेश गरिसकेपछि प्रचलित ऐन बमोजिम फिर्ता गरिनेछ।

स्थानीय सरकार

# ईन्द्रावती गाउँपालिका

## गाउँ कार्यपालिकाको कार्यालय

**नवलपुर, सिन्धुपाल्चोक**

**बागमती प्रदेश, नेपाल**

☎ ९८५१२१००१३

५. बोलपत्र खरिद गर्दा नियमानुसार लाग्ने दस्तुर बापतको रकम यस कार्यालयको **नेपाल इन्भेष्टमेन्ट मेगा बैंक लि., ईन्द्रावती शाखा नवलपुरमा रहेको आन्तरिक राजश्व खाता , खाता नं.१७३०१४०००००११६** मा दाखिला गर्नुपर्नेछ ।

६. कारण जनाई वा नजनाई वोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ ।

७. बोलपत्र दिंदा कुनै किसिमको शर्त मान्य हुने छैन । साथै रित नपुगी आएको बोलपत्र उपर कुनै कारवाही हुनेछैन ।

८. ठेक्कामा कुनै विवाद भएमा ईन्द्रावती गाउँ कार्यपालिकाको निर्णय अन्तिम हुनेछ ।

९. उपरोक्त ठेक्काको लागि सूचना प्रकाशित भएको मितिले प्रचलित नियमानुसार बोलपत्रको दस्तुर तिरी ८ औं दिन (२०८१/०८/०६) दिनको १२:०० बजे भित्र पेश गर्न पर्नेछ । ठेक्काको बोलपत्र फाराम PPMO को वेभ साइट http://www.bolpatra.gov.np/egp बाट बोलपत्र फारम डाउनलोड गरी बोलपत्र फारमको कबोल गरेको रकम भर्ने स्थानमा कबोल रकम भरी स्क्यान गरी E- Bidding मार्फत अपलोड गर्नुपर्नेछ । प्राप्त बोलपत्रहरु सोही दिन दिनको १:०० वजे ईन्द्रावती गाउँ कार्यपालिकाको कार्यालयमा खोलिनेछ ।

१०. बोलपत्र फारामहरु दाखिला गर्ने, खोल्ने दिन सार्वजनिक विदा परेमा क्रमशः सो को भोलिपल्ट सोही समयमा दर्ता तथा खोल्ने कार्य गरिनेछ ।

११. यस सूचनामा उल्लेख भएका शर्तहरुका अतिरिक्त बोलपत्र साथ संलग्न गरिएको आय ठेक्का सम्बन्धी अन्य शर्तहरुका प्रत्येक बुदांहरु यसै सूचनाका शर्त सरह लागु हुनेछन् ।

१२. यस सूचना तथा बोलपत्र साथ संलग्न अन्य शर्तहरु पूरा नभएका बोलपत्रहरु मूल्यांकनमा समावेश गरिने छैन ।

१३. अन्य कुराहरु यस कार्यालयको सूचना पाटीमा टाँस गरिएको सूचना र प्रचलित ऐन कानून बमोजिम हुनेछ ।

**आय ठेक्का सम्बन्धी अन्य शर्तहरु**

१. बोलपत्र स्वीकृत भए पश्चात नियमानुसार पहिलो किस्तामा बुझाउनुपर्ने २५% रकम बाहेक बाँकी रकमको कार्य सम्पादन जमानत ठेक्का अवधी सम्मका लागि नेपाल राष्ट्र बैंकबाट मान्यता प्राप्त “क” वर्गको वाणिज्य बैंकले जारी गरेको २०८२ श्रावण मसान्तसम्म म्याद रहेको कार्यसम्पादन जमानत (परफरमेन्स वण्ड) पेश गरे पश्चात मात्र ठेक्का सम्झौता गरी चलान पूर्जी दिइनेछ ।

२. आय रकमको भुक्तानी तालिका देहाय बमोजिम हुनेछ ।

| किस्ता | किस्ता बुझाउँनुपर्ने मिति | रकम रु. |
|---|---|---|
| पहिलो | ठेक्का सम्झौता बखत | कबोल अंङ्कको २५ प्रतिशतले हुन आउँने रकम । |
| दोश्रो | २०८१ साल फाल्गुण मसान्त भित्र | कबोल अंङ्कको ४० प्रतिशतले हुन आउँने रकम । |
| तेश्रो | २०८२ जेठ मसान्त सम्म | कबोल अंङ्कको बाँकी ३५ प्रतिशत रकम । |

३. ठेक्का कबोल गर्ने ठेकेदारले ईन्द्रावती गाउँपालिकाले तोकेको कर उठाउँदा प्रयोग गर्ने संकलन तथा विक्री तर्फका रसिदहरु ठेकेदारले आफ्नो तर्फबाट छपाई उक्त रसिदहरु यस कार्यालयबाट प्रमाणित गराई प्रयोग गर्नुपर्नेछ ।प्रमाणित रसिदको विवरण तयार गरी निकासी परिमाण खुल्नेगरी गा.पामा विवरण पेश गर्नुपर्नेछ । प्रमाणित नगरेको रसिदबाट कर उठाएको पाइएमा नियमानुसार कारवाही गरिनेछ ।

४. ठेकेदारले उठाउने कर शुल्क गाउँपालिका क्षेत्र भित्रको संकलन केन्द्रहरु स्थापना गरी उठाउनु पर्नेछ, साथै दररेट सहितको साइनबोर्ड सबैले देख्ने गरी सम्बन्धित केन्द्रमा राखिएको हुनुपर्नेछ ।

५. बोलपत्र स्वीकृत भएपश्चात, तोकिएको समयभित्र आवश्यक कार्यसम्पादन जमानत तथा पहिलो किस्ता वापतको रकम जम्मा गर्न नसकी सम्झौता गर्न नआएमा निजको धरौटी वापतकको रकम असूल गरी , निज फर्मलाई कालोसूचीमा राख्ने लगायतका नियमानुसारको कारबाही गरिनेछ ।

६. जमानत वापत बोलपत्रमा आफूले भरेको रकम अङ्क र अक्षरमा स्पष्ट उल्लेख भएको हुनु पर्नेछ । अङ्क र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिइनेछ ।

७. तोकिएको समयमा तोकिएको किस्ता रकम बुझाउनु पर्नेछ । अन्तिम किस्ता रकम समेत तोकिएको समयमा नबुझाएमा “क” वर्गको बैंकबाट जारी गरी पेश गरिएको कार्य सम्पादन जमानतबाट सम्झौता अनुसारको ठेक्का रकम असुल उपर गरिनेछ । सो मा ठेकेदारले कुनै किसिमको हर्जना दावी गर्न पाउनेछैन ।

८. प्राकृतिक /दैवी वा अन्य कुनै किसिमको परिस्थिती देखाई ठेक्का रकम मिनाहा सम्बन्धी कुनै माग कार्यालयलाई स्वीकार्य हुनेछैन ।

९. प्रचलित ऐन, नियम, कानून, सम्झौता र सूचनाको शर्त विपरीत कार्य गरेमा जुनसुकै अवस्थामा पनि कार्यालयले ठेक्का तोड्न सक्नेछ र त्यसबाट कार्यालयलाई हानी नोक्सानी भएमा ठेक्का लिने पक्षबाट सरकारी बाँकी सरह असुल उपर गरिनेछ ।

१०. ईन्द्रावती गाउँपालिका भित्रका नदी, नालावाट ढुंगा, गिट्टी, वालुवा, निकाली विक्री गर्ने क्रममा गाउँपालिका भित्रका पक्की पूलको तल १५०० र माथि १००० मिटर क्षेत्रबाट निर्माण सामाग्री उत्खनन् गरी विक्री गर्न कानूनले पूर्णरुपमा प्रतिवन्ध लगाएको हुँदा कर संकलकले सो कुरालाई पूर्णरुपमा पालना गर्नुपर्नेछ ।

११. यस कार्यालयमा पेश हुन आएका बोलपत्र, बोलपत्र दाता वा निजको प्रतिनिधिको रोहवरमा खोलिनेछ । तर बोलपत्रदाता वा निजको प्रतिनिधि सो समयमा उपस्थित नभएपनि कार्यालयको प्रतिनिधिको रोहवरमा खोल्न बाधा पर्ने छैन ।

१२. बोलपत्र पेश गर्दा पेश गर्ने फर्म वा कम्पनीको व्यवसायिक नवीकरण प्रमाणपत्र, स्थायी लेखा नम्बर, मु.अ.कर प्रमाणपत्रको प्रतिलिपी र आ.व ०८०।०८१ को कर चुक्ता प्रमाणपत्र प्रतिलिपी वा म्याद थप प्रमाण पत्र संलग्न राखी पेश गर्नु पर्नेछ।

१३. बोलपत्र फारम नियमानुसारको राजस्व रकम तिरी ईन्द्रावती गाउँ कार्यपालिकाको कार्यालय, नवलपुर, सिन्धुपाल्चोकबाट खरिद वा PPMO को वेभसाइट मार्फत डाउनलोड गरी पेश गर्न सकिनेछ।

१४. ढुंगा, गिट्टी, बालुवा रोडा आदिको संकलन, उत्खनन तथा बिक्रीका सम्बन्धमा प्रादेशिक अनुगमन समिति, जिल्ला अनुगमन तथा समन्वय समिति, स्थानीय अनुगमन समिति र गाउँपालिकाले दिएका सुझाव तथा निर्देशनहरु ठेक्का लिने पक्षले पूर्ण रुपले पालना गर्नुपर्नेछ।

१५. उपरोक्त अनुसार उल्लेख भएका शर्तहरुको हकमा यसै अनुसार हुने र उल्लेख नभएका अन्य कुराहरुको हकमा प्रचलित ऐन कानून तथा ठेक्का स्वीकृति पश्चात गरिने सम्झौता अनुसार हुनेछ।

१६. प्रदेश सरकार/उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय, प्रदेश बाट जारी गरिएको नदीजन्य पदार्थ (संकलन र उपयोग) कार्यविधि, २०७५ मा भएको व्यवस्थालाई पूर्ण रुपमा पालना गर्नुपर्नेछ।

१७. अन्य विस्तृत जानकारीको लागि यस कार्यालयमा सम्पर्क राख्न सकिने छ ।

स्थानीय सरकार

# इन्द्रावती गाउँपालिका

## गाउँ कार्यपालिकाको कार्यालय

नवलपुर, सिन्धुपाल्चोक

बागमती प्रदेश, नेपाल
☏ ९८५१२१००१३